बैठक संख्याः १२।२०८१

बैठक मितिः २०८१।८।४ गते, समयः बिहान ११:०० बजे

स्थानः पाख्रीबास नगरपालिका कार्यालयको सभाहल

आज मिति २०८१।८।४ गते मंगलबार बिहान ११:०० बजे पाख्रीवास नगरपालिकाका नगर प्रमुख श्री ज्ञान बहादुर गुरुङज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

उपस्थिति

| क्र.स. | नामथर | पद | वडा नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री ज्ञान बहादुर गुरुङ | नगर प्रमुख | | |
| २ | श्री नम्रता गौतम | नगर उप-प्रमुख | | |
| ३ | श्री भोगेन्द्र पाण्डे | वडा अध्यक्ष | १ | |
| ४ | श्री चुडामणि पुलामी | वडा अध्यक्ष | २ | |
| ५ | श्री सरोज राई | वडा अध्यक्ष | ३ | |
| ६ | श्री सन्तोष मानन्धर | वडा अध्यक्ष | ४ | |
| ७ | श्री महेश राई | वडा अध्यक्ष | ५ | |
| ८ | श्री देवेन्द्र गुरागाई | वडा अध्यक्ष | ६ | |
| ९ | श्री देवेन्द्र बहादुर तामाङ | वडा अध्यक्ष | ७ | |
| १० | श्री गजेन्द्र बहादुर राई | वडा अध्यक्ष | ८ | |
| ११ | श्री सम्झना आले | वडा अध्यक्ष | ९ | |
| १२ | श्री हरी बहादुर खत्री | वडा अध्यक्ष | १० | |
| १३ | श्री इन्द्र कुमार राई | कार्यपालिका सदस्य | ७ | |
| १४ | श्री विष्णु माया विश्वकर्मा | कार्यपालिका सदस्य | २ | |
| १५ | श्री रुप बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य | ५ | |
| १६ | श्री तारा देवी ढकाल (धमला) | कार्यपालिका सदस्य | ९ | |
| १७ | श्री सवीता कार्की | कार्यपालिका सदस्य | ७ | |
| १८ | श्री सीता देवी बस्नेत | कार्यपालिका सदस्य | ३ | |
| १९ | श्री नगेन्द्र राई | कार्यपालिका सदस्य | ८ | |
| २० | श्री गीता परियार | कार्यपालिका सदस्य | १० | |
| २१ | श्री पुरुषोत्तम ढकाल | प्रमुख प्रशासकीय अधिकृत | | |
| सहयोगी कर्मचारी | | | | |
| १ | श्री हेमचन्द्र रोईला | लेखा अधिकृत आठौं | | |
| २ | श्री शेखर गौतम | कम्प्युटर अपरेटर | | |

बैठक संख्याः १२।२०८१

बैठक मितिः २०८१।८।४ गते, समयः बिहान ११:०० बजे

स्थानः पाख्रीबास नगरपालिका कार्यालयको सभाहल

**प्रस्तावहरु :**

१. प्रस्ताव नं. १ : सडक वोर्ड नेपालवाट प्राप्त वजेट सम्बन्धमा ।

२. प्रस्ताव नं. २ : पशु विमा प्रिमियम भुक्तानी सम्बन्धमा ।

३. प्रस्ताव नं. ३ : विस्तृत परियोजना अध्ययन गर्ने सम्बन्धमा ।

४. प्रस्ताव नं. ४ : सडक सरसफाई कार्यको रकम भुक्तानी सम्बन्धमा ।

५. प्रस्ताव नं. ५ : साना सिंचाई परियोजना कार्यक्रम (SIP) अन्तर्गतका योजनाहरुको ठेगाना संशोधन सम्बन्धमा ।

६. प्रस्ताव नं. ६ : कोशी प्रदेश सरकारवाट हस्तान्तरित साना सिंचाई परियोजना कार्यक्रम (SIP) अन्तर्गतका योजनाहरुको ठेगाना संशोधन सम्वन्धमा ।

७. प्रस्ताव नं. ७ : वडा नं.९ को खेल मैदान निर्माण योजनाको नाम संशोधन सम्वन्धमा ।

८. प्रस्ताव नं. ८ : ईन्डक्शन चुलो वितरण सम्बन्धमा ।

९. प्रस्ताव नं. ९ : निशुल्क स्वास्थ शिविर संचालनको लागि प्रतिवद्वता सम्बन्धमा ।

१०. प्रस्ताव नं. १० : सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गर्ने सम्बन्धमा ।

११. प्रस्ताव नं. ११ : खेलकुद सहयोग सम्बन्धमा ।

१२. प्रस्ताव नं. १२ : निर्णयहरुको प्रकाशन सम्बन्धमा ।

१३. प्रस्ताव नं. १३ : योजना कार्यान्वयको लागि अख्तियारी संशोधन सम्बन्धमा ।

१४. प्रस्ताव नं. १४ : प्रारम्भिक वातावरणीय अध्ययन (IEE) गर्ने सम्बन्धमा ।

१५. प्रस्ताव नं. १५ : आर्थिक सहायता उपलव्ध गराउने सम्बन्धमा ।

१६. प्रस्ताव नं. १६ : आख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय इटहरीबाट प्राप्त पत्रको जानकारी सम्बन्धमा ।

१७. प्रस्ताव नं. १७ : राहत शिक्षकको स्वतः अवकाश सम्बन्धमा ।



CamScanner

बैठक संख्याः १२।२०८१
बैठक मितिः २०८१।८।४ गते, समयः बिहान ११:०० बजे
स्थानः पाखीबास नगरपालिका कार्यालयको सभाहल

**निर्णयहरु**

**निर्णय नं. १**

नेपाल सरकार, सडक बोर्ड नेपालको च.नं. ४४० मिति २०८१।६।१३ गतेको पत्रबाट पाखीवास नगरपालिकालाई आ.व. २०८१।०८२ को लागि रु.५१,००,०००।- (एकाउन्न लाख) बजेटको स्वीकृति प्राप्त भएकोले उक्त बजेटबाट योजनाहरु छनौट गर्ने सम्बन्धमा आगामी वैठकमा छलफल गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

पाखीवास नगरपालिकाको चालु आ.व.२०८१।०८२ मा प्रदेश सरकार राजश्व बाँडफाँड अन्तर्गतको पशु विमा प्रमियम भुक्तानी शिर्षकमा विनियोजित रु.२०००००।– (दुई लाख) वजेटवाट गाई र भैसी पालक किसानहरुको पशुधनको सुरक्षाको प्रत्याभुति गराई किसानहरुलाई दुधालु पशुपालन गर्न प्रोत्साहन गर्ने उद्देश्यले पाखीबास नगरपालिका अन्तर्गतका पशुपालक किसानहरुले आफूले पालेको एक गाई वा एक भैंसीको विमा गराई सम्वन्धित वडाको सिफारिससाथ विमा पोलिसी पत्रको प्रतिलिपि, विमा प्रमियम तिरेको वील पेश गरेमा त्यस्ता किसानहरुलाई विनियोजित वजेटको सीमा भित्र रही पशु विमा प्रमियम भुक्तानी वरावरको रकम अनुदान उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ३**

पाखीवास नगरपालिका वडा नं. ४ स्थित निरौला गाँउ कर्ण वहादुर निरौलाको घर छेउको साविक फाङदुवा -३ को कित्ता नं.१२७२ को क्षेत्रफल १-८-०-० नगरपालिकाको नाममा रहेको जग्गा भएको स्थानमा कोल्ड स्टोर निर्माणको लागि विस्तृत परियोजना अध्ययन प्रतिवेदन तयार गर्ने र सो कार्यको लागि पाखीवास नगरपालिकाको चालु आ.व.२०८१।०८२ मा सेवा र परमर्श खर्च (पालिकास्तरीय कोल्ड स्टोर निर्माण DPR) शिर्षकमा विनियोजित वजेट रु.४०००००।– (चार लाख) अपुग हुने भएकोले आगामी नगरसभाबाट थप रु.२,००,०००।– बजेट सुनिश्चितता हुने गरी जम्मा रु.६,००,०००।– बाट उक्त DPR निर्माण गर्ने र पाखीबास नगरपालिका वडा नं. १० चुङमाङ स्थित श्री भारती माध्यमिक विद्यालयको ८ कोठे भवन निर्माण गर्न आगामी नगरसभाबाट रु.५,००,०००।- बजेटको सुनिश्चितता हुने गरी विस्तृत परियोजना अध्ययन प्रतिवेदन (DPR) तयार गर्ने साथै पाखीबास न.पा. वडा नं. ३ स्थित मुगाखोला भन्ने स्थानको चेतना युथ क्लबको जंग्गामा कबर्ड हल निर्माण गर्न आगामी नगरसभाबाट रु.२,००,०००।- बजेटको सुनिश्चितता हुने गरी विस्तृत परियोजना अध्ययन प्रतिवेदन (DPR) तयार गर्ने निर्णय गरियो ।

CamScanner

बैठक संख्याः १२।२०८१

बैठक मितिः २०८१।८।४ गते, समयः बिहान ११:०० बजे

स्थानः पाखीबास नगरपालिका कार्यालयको सभाहल

<u>निर्णय नं. ४</u>

पाखीवास नगरपालिका, नगर कार्यपालिकाको मिति २०८१।६।१८ गतेको निर्णयानुसार पाखीबास नगरपालिका अन्तर्गत विभिन्न वडा स्थित सडकहरुमा झार पलाएको र खाल्डाखुल्डी परी आवागमनमा असुविधा भई बडा दशैं, दिपावली र छैठ पर्व २०८१ को अवसरमा सडकहरु सरसफाई गरी खाल्डाखुल्डी मिलाउने कार्यको लागि डोजरको भाडा कर सहित प्रति घण्टा रु. ३४६०।– (अक्षरुपी तीन हजार चार सय साठी रुपैयाँ) हिसावले तिर्ने गरी दररेट कायम गरी कार्य संचालन गरेकोमा उक्त दररेटलाई अनुमोदन गरी उक्त सडक सरसफाई कार्यको लागि भाडाको डोजरमा प्रयोग भएको इन्धन बापतको रकम सम्बन्धित वडाको इन्धन वा सडक सरसफाई शीर्षकमा विनियोजित बजेटबाट र नपुग भाडा रकम नगरपालिका तर्फको मर्मत सम्भार वा प्रकोप व्यवस्थापन शीर्षकमा विनियोजित बाजेटबाट सम्वन्धित पार्टीलाई रकम भुक्तानी गर्ने निर्णय निर्णय गरियो ।

<u>निर्णय नं. ५</u>

साना सिंचाई परियोजना कार्यक्रम (SIP) अन्तर्गत पाखीवास नगरपालिका भित्रका परियोजनावाट छनौट गरिएको तपसिल वमोजिमका कुलो सिंचाई योजनाहरु निर्माण गर्न नगरपालिकाको तर्फवाट व्यहोर्नु पर्ने लागत सहभागिताको लागि चालु आ.व.२०८१।०८२ मा देहाय वमोजिम वजेट समेत विनियोजन गरिएकोमा वजेट पुस्तिकामा उल्लिखित कुलो सिंचाई योजनाहरुको ठेगाना फरक पर्न गएकोले आगामी नगर सभावाट अनुमोदन हुने गरी निम्न वमोजिम ठेगाना संशोधन गरी उक्त कुलो सिंचाई योजनाहरु निर्माण गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

| सि.नं. | वजेट पुस्तिकामा उल्लिखित कुलो सिंचाई योजना | | | संशोधन गरिएको योजनाको ठेगाना |
|---|---|---|---|---|
| | योजनाको नाम | ठेगाना | विनियोजित वजेट रु. | |
| १ | गुद्रवारी घामे कुलो सिंचाई योजना | धनकुटा-८ | १३,१६,०००।- | पाखीवास-८ |
| २ | चाँपे कुलो सिंचाई योजना | धनकुटा-६ | ५,५८,०००।- | पाखीवास-६ |
| ३ | जामुने कुलो सिंचाई योजना | धनकुटा-५ | ९,८५,०००।- | पाखीवास-५ |
| ४ | तकुवा कुलो सिंचाई योजना | धनकुटा-१० | १५,२०,०००।- | पाखीवास-१० |
| ५ | पँधेरेवाघ कुलो सिंचाई योजना | धनकुटा-८ | ९,८४,०००।- | पाखीवास-८ |
| ६ | पाटी रिनी ढाडे कुलो सिंचाई योजना | धनकुटा-१ | ५८,०००।- | पाखीवास-१ |
| ७ | सालवोटे स्प्रीङकल कुलो | धनकुटा-३ | ११,११,०००।- | पाखीवास-३ |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| | सिंचाई योजना | | | |
| ८ | छेङगुवा खोला वैकुन्ठे कावरे कुलो सिंचाई योजना | | ५०००।- | पाख्रीवास-८ |

निर्णय नं. ६

कोशी प्रदेश सरकारवाट खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय तर्फको चालु आ.व.२०८१।०८२ मा पाख्रीवास नगरपालिकाको लागि हस्तान्तरित साना सिंचाई परियोजना कार्यक्रम (SIP) अन्तर्गत पाख्रीवास नगरपालिका भित्रका परियोजनावाट छनौट गरिएको तपसिल वमोजिमका कुलो सिंचाई योजनाहरुको ठेगाना फरक परेकोले उल्लिखित कुलो सिंचाई योजनाहरुको ठेगाना निम्न वमोजिम संशोधन गरी दिनको लागि कोशी प्रदेश सरकार खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय, विराटनगरमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

तपसिल

| सि.नं. | वजेट पुस्तिकामा उल्लिखित कुलो सिंचाई योजना | | | संशोधन गर्नु पर्ने योजनाको ठेगाना |
|---|---|---|---|---|
| | योजनाको नाम | ठेगाना | विनियोजित वजेट रु. | |
| १ | गुद्दवारी घामे कुलो सिंचाई योजना | धनकुटा-८ | १२,८६,०००।- | पाख्रीवास-८ |
| २ | चाँपे कुलो सिंचाई योजना | धनकुटा-६ | ५,४७,०००।- | पाख्रीवास-६ |
| ३ | जामुने कुलो सिंचाई योजना | धनकुटा-५ | १०,३४,०००।- | पाख्रीवास-५ |
| ४ | तकुवा कुलो सिंचाई योजना | धनकुटा-१० | १४,४८,०००।- | पाख्रीवास-१० |
| ५ | पँधेरेवाघ कुलो सिंचाई योजना | धनकुटा-८ | १०,३३,०००।- | पाख्रीवास-८ |
| ६ | पाटी रिनी ढाडे कुलो सिंचाई योजना | धनकुटा-१ | ६३,०००।- | पाख्रीवास-१ |
| ७ | सालवोटे स्प्रीङकल कुलो सिंचाई योजना | धनकुटा-३ | ११,२४,०००।- | पाख्रीवास-३ |
| ८ | छेङगुवा खोला वैकुन्ठे कावरे कुलो सिंचाई योजना | | १३,३९,०००।- | पाख्रीवास-८ |

निर्णय नं. ७

कोशी प्रदेश सरकार सामाजिक विकास मन्त्रालयवाट सशर्त अनुदान तर्फ चालु आ.व.२०८१।०८२ मा पाख्रीवास नगरपालिका अन्तर्गत लिसिम्वुचोक खेल मैदान निर्माण वडा नं.९ स्तरोन्तीको लागि रु.१०,०००००।–(दश लाख) वजेट विनियोजन भएकोमा उक्त



CamScanner

स्थानमा खेल मैदान नभएकोले पाखीवास नगरपालिका वडा नं. ९ स्थित रहेको मात्तिम्वु खेल मैदान स्तरोन्ती गर्ने गरी योजनाको नाम संशोधन गरी दिने व्यवस्थाको लागि कोशी प्रदेश सरकार सामाजिक विकास मन्त्रालयलाई अनुरोध गरी पठाउने निर्णय गरियो ।

निर्णय नं. ८

पाखीवास नगरपालिकावाट गत आ.व.२०८०।०८१ मा खरीद गरेको ईन्डक्शन चुलो १७१ थान मध्येवाट प्रत्येक वडालाई १६/१६ थानको दरले १० वटै वडाहरुमा १६० थान वितरण गर्ने नगर कार्यपालिकाको मिति २०८१।४।२१ गतेको निर्णय भएकोमा सम्वन्धित वडाले वडा समितिको वैठकको निर्णयानुसार वडाका विपन्न घरपरिवारलाई ईन्डक्शन चुलो वितरण गरी नगर कार्यपालिकाको कार्यालयमा भरपाई पेश गर्ने गरी सवै वडाहरुमा ईन्डक्शन चुलो हस्तान्तरण गरी पठाउने निर्णय गरियो ।

निर्णय नं. ९

दैविक प्रकोप व्यवस्थापन समाज काठ्माण्डौको च.नं. ३९५ मिति २०८१।७।७ गतेको पत्रवाट भारतीय महावाणिज्य दूतावासको सहयोगमा नगरपालिकाका आशक्त असहाय तथा वृद्ध-वृद्धाहरुको निशुल्क स्वास्थ परीक्षण, पहिचान, भिडियो ऐक्सरे, रक्त परीक्षण, पाठेघरको सामन्य शल्यक्रिया तथा उपचार एवं वृद्ध-वृद्धाहरुको निशुल्क दन्त परीक्षण गरी सिमित व्यक्तिहरुको दाँत वनाई लगाउने र औषधी वितरण गरिने हुँदा उक्त निशुल्क स्वास्थ शिविर संचालन गर्दा लाग्ने कुल खर्चको पाँच देखि दश प्रतिशत रकम नगरपालिकाले व्यहोर्ने गरी प्रतिवद्वता पत्र सहित सिफारिस गरी दिन अनुरोध भई आएकोमा सो निशुल्क स्वास्थ शिविर संचालन गर्दा लाग्ने कुल खर्चको पाँच प्रतिशत रकम पाखीवास नगरपालिकाले व्यहोर्ने प्रतिवद्वता गरी पठाईएकोमा सो को अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. १०

पाखीवास नगरपालिकाको चालु आ.व.२०८१।०८२ मा संघीय सरकार राजश्व वाँडफाँड अन्तर्गतको सार्वजनिक सुनुवाई कार्यक्रम शिर्षकमा विनियोजित वजेट रु.३५००००।– (तीन लाख पचास हजार) वाट नगरपालिकामा सूचिकृत भएका धनकुटा मिडिया हाउस, धनकुटा-५, खवरपालिका मिडिया नेटवर्क प्रा.लि., धनकुटा-५, अनलाईन मिडिया धनकुटा, धनकुटा-७ संस्था मध्येवाट प्रस्ताव आव्हान गरी तीनै चौमासिकको सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गर्ने र मिति २०८१ मंसिर मसान्त भित्रमा पहिलो चौमासिकको सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ११

पाखीवास नगरपालिका, १ नं. वडा कार्यालयको च.नं. ११५मिति २०८१।७।६ गतेको पत्रवाट वडास्तरीय खुल्ला पुरुष भलिवल प्रतियोगिताको लागि आर्थिक सहयोग उपलव्ध गराई

दिन अनुरोध भई आएकोमा चालु आ.व.२०८१।०८२ को खेलकुद मेला महोत्सव धार्मिक तथा विभिन्न सास्कृतिक कार्यक्रम शिर्यकमा विनियोजित वजेटवाट रु.५५,०००।-भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

पाख्रीवास नगरपालिका नगर कार्यपालिकाका वैठकका निर्णयहरु, विभिन्न समितिवाट भएका निर्णयहरु नगरवासी एवं सम्बन्धित सबैको जानकारीको लागि पाख्रीवास नगरपालिकाको website : https://pakhribasmun.gov.np मा प्रकाशन गर्ने निर्णय गरियो |

**निर्णय नं. १३**

कोशी प्रदेश सरकार सामाजिक विकास मन्त्रालय अन्तर्गत चालु आ.व.२०८१।०८२ मा प्रतिभा युवा क्लव भवन मर्मत पाख्रीवास न.पा.-२ योजनाको वजेट धनकुटा नगरपालिकामा परेकोमा धनकुटा नगरपालिकाको च.नं.६४७ मिति २०८१।७।२६ गतेको पत्रवाट श्री सामाजिक विकास मन्त्रालय कोशी प्रदेश विराटनगरलाई सो योजना कार्यान्वय हुने स्थानीय तह पाख्रीवास नगरपालिका वडा नं.-२ हुने गरी संशोधन गरी दिन अनुरोध गरी पाख्रीवास नगरपालिकालाई वोधार्थ दिई पत्राचार समेत भएकोले उक्त प्रतिभा युवा क्लव भवन मर्मत पाख्रीवास न.पा.-२ मा योजना कार्यान्वयन गर्ने गरी वजेट अख्तियारी पाख्रीवास नगरपालिकामा उपलव्ध गराई दिन कोशी प्रदेश सरकार सामाजिक विकास मन्त्रालयलाई अनुरोध गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. १४**

पाख्रीवास नगरपालिका अन्तर्गत वडा नं.५ स्थित अरुण, माङमय खोलाको वालुवा उत्खनन् तथा विक्री प्रयोजनको लागि वातावरणीय अध्ययन गर्नु पर्ने भएकोले चालु आ.व.२०८१।०८२ मा विविध कार्यक्रम शिर्षकमा विनियोजित वजेट मध्येवाट रु.२०००००।– (दुईलाख) वजेट छुट्टयाई सो कार्य गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५**

पाख्रीवास नगरपालिका अन्तर्गतका विभिन्न व्यक्ति/संस्थाहरुवाट सम्वन्धित वडाको सिफारिससाथ आर्थिक सहायता उपलव्ध गराई दिन अनुरोध भई आएकोले निम्न बमोजिमका व्यक्ति एवं संस्थालाई चालु आ.व. २०८१|०८२ मा सामाजिक सुरक्षा आर्थिक सहायता शिर्षकमा विनियोजित बजेट मध्येबाट देहाय बमोजिमको आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो |

**तपसिल**

| क्र.स. | आर्थिक सहायता प्रदान गरिने व्यक्ति/संस्थाको | आर्थिक सहायता प्रदान गर्नुपर्ने कारण | सम्बन्धित वडा/व्यक्ति/संस्थाको | आर्थिक सहायता रकम रु. |
|---|---|---|---|---|

बैठक संख्याः १२।२०८१

बैठक मितिः २०८१।८।४ गते, समयः बिहान ११:०० बजे

स्थानः पाखीबास नगरपालिका कार्यालयको सभाहल

| | नाम,थर /ठेगाना | | सिफारिस पत्रको च.नं. र मिति | |
|---|---|---|---|---|
| १ | सीता कुमारी आले मगर पाखीबास न.पा. वडा नं. ५ | श्रीमान्को मृत्युको आर्थिक अवस्था कमजोर | ५ नं. वडा कार्यालयको च.नं. २५०, २०८१।६।७ | १०,०००।- |
| २ | निम माया तामाङ पाखीबास न.पा. वडा नं. ५ | पहिरो आई गर्भवतीलाई किचेर घाईते भई उपचारको लागि आर्थिक सहयोग | ५ नं. वडा कार्यालयको च.नं. २५८, २०८१।७।७ | १०,०००।- |
| ३ | राम बहादुर लुङ्गेली मगर पाखीबास न.पा. वडा नं. ६ | निजको छोरा चित्र बहादुर लुङ्गेली मगरको हातमा घाई आई उपचार गर्नुपर्ने | ६ नं. वडा कार्यालयको च.नं. १८४, मिति २०८१।७।११ | १५,०००।- |
| ४ | राम कुमारी घिमिरे, पाखीबास न.पा. ८ | निजको श्रीमानको मुटुमा समस्या आई उपचार गर्नको लागि | ८ नं. वडा कार्यालयको च.नं. १७७, मिति २०८१।७।२१ | १५,०००।- |
| ५ | गणेश बहादुर अधिकारी, पाखीबास न.पा. १ | आँखा सम्बन्धी रोगको उपचारको लागि | १ नं. वडा कार्यालयको च.नं. ११८ मिति २०८१।७।११ | १०,०००।- |
| ६ | विष्णु माया भट्टराई, पाखीबास न.पा. ८ | निजको छोरा मन कुमार राईको लडेर खुट्टा भाँचिएकोले उपचारको लागि | ८ नं. वडा कार्यालयको च.नं. १८६, मिति २०८१।७।२८ | १०,०००।- |
| ७ | सञ्चमाया तामाङ, पाखीबास न.पा. ७ | मुटुको अप्रेशन गर्नुपर्ने भएकोले | ७ नं. वडा कार्यालयको च.नं. ३०, मिति २०८१।५।४ | १०,०००।- |

| | | | | |
|---|---|---|---|---|
| ८ | गोरीमाया तामाङ, वडा नं. ३ | क्यान्सर बिरामीको उपचारको लागि । | | १०,०००।- |
| ९ | फत्त बहादुर बस्नेत क्षेत्री, पाखीबास न.पा. ३ | फोक्सो सम्बन्धी बिरामी उपचारको लागि | ३ नं. वडा कार्यालयको च.नं. २९८, मिति २०८१।७।४ | १०,०००।- |
| १० | लोक बहादुर राई, पाखीबास न.पा. १० | निजको बच्चा बिरामी | | १५,०००।- |

निर्णय नं. १६

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय इटहरीको च.नं. ITH-८१८२-२३२८८, मिति २०८१।८।२ गतेको पत्रको विषय बैठक समक्ष जानकारी भयो ।

निर्णय नं. १७

पाखीबास नगरपालिका अन्तर्गत वडा नं. ३ स्थित अनिवार्य निशुल्क आधारभूत विद्यालय कसेनीमा कार्यरत नि.मा.वि. राहत शिक्षक देवेन्द्र कुमार राईलाई निजको अस्वस्थताको कारणले अध्ययन अध्यापन गराउन नसक्ने भनि सम्बन्धित विद्यालय व्यवस्थापन समितिको मिति २०८१।७।६ गतेको निर्णय बमोजिम निज शिक्षक देवेन्द्र कुमार राईलाई मिति २०८१।८।४ गतेदेखि स्वतः अवकाश दिने निर्णय भई पेश हुन आएको हुँदा सोही बमोजिम हुने गरी निर्णय गरियो । साथै उक्त पद रिक्तको लागि अभिलेखिकरण गर्नका लागि शिक्षा विकास तथा समन्वय इकाई धनकुटामा अनुरोध गर्ने निर्णय गरियो ।